मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

अनौठा नेपाली गहनाहरुः पृष्ठ ३

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily



◆ वर्ष : २६ ◆ अङ्क : २५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर २७ गते शनिवार (Saturday, December 12. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## सांसद लिङ्देनको स्वास्थ्य सुधारोन्मुख



**झापा, मंसीर २६।** निमोनियाका कारण स्वास्थ्यमा समस्या देखिएका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महामन्त्री तथा संघीय सांसद राजेन्द्र लिङ्देनको स्वास्थ्यमा सुधार आएको छ।

उनको स्वास्थ्य अवस्था गम्भीर भएपछि थप उपचारका लागि सेनाको हेलिकप्टरबाट विहीवार काठमाडौं लगिएको थियो। झापाको वीएण्डसी अस्पतालको आइसीयूमा उपचाररत् उनलाई थप उपचारका लागि सेनाको नाइटभिजन हेलिकप्टरबाट काठमाडौं लगिएको पारिवारिक स्रोतले जनाएको छ।

उनलाई ललिपुरस्थित मेडिसिटी अस्पताल भर्ना गरिएको छ। अहिले उनको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको बताइएको छ।


### नेपालमा कोभिड-१९को प्रभाव

# निको हुने दर धेरै

**झापा, मंसीर २६।** नेपालमा कोभिड-१९ निको हुने दर बढेको पाइएको छ।

विश्वका तुलनामा नेपालमा निको हुने दर बढेको हो। बिहीबारको तथ्याङ्कानुसार विश्वमा निको हुने दर ६९.३ प्रतिशत पुग्दा नेपालमा त्यसभन्दा बढी ९४.२ प्रतिशत पुगेको छ। विश्वमा ६ करोड ९२ लाख ५४ हजार ३०० सङ्क्रमित भएका अवस्थामा चार करोड ८० लाख नौ हजार ४३७ जना निको भएका छन्। बिहीबारसम्मको तथ्याङ्कानुसार नेपालमा दुई लाख ४५ हजार ६५० सङ्क्रमितमध्ये दुई लाख ३१ हजार ६०१ जना निको भई घर फर्किसकेका छन्।

नेपालमा कुनै समय ६०-६२ प्रतिशत मात्र कोभिड-१९ का सङ्क्रमित निको भएकामा अहिले ९४प्रतिशतभन्दा बढी पुगेको छ। विगत दुई महिनाको तथ्याङ्क हेर्दा निको हुने दर ६८ प्रतिशतबाट बढेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले नेपालमा सङ्क्रमितको उपचार सेवा राम्रो भएकाले निको दर बढेको बताए। अहिले उपचार सेवा पनि राम्रो भएको छ- उनले भने- त्यसैले सङ्क्रमितको निको हुने दर पनि बढेको हो। गतअसोज २८ गते ६८.८ प्रतिशत सङ्क्रमित निको



भएका छन्। यस्तै कात्तिक ९ गते ७०.६, कात्तिक १६ गते ७७.६ र कात्तिक २६ गते ८० प्रतिशत सङ्क्रमित निको भई घर फर्केका थिए।

यही मंसीर १९ गतेदेखिको तथ्याङ्क हेर्दा पनि सङ्क्रमित दर बढेको पाइन्छ। मंसीर १९ गते ९२.९, २० गते ९३.४, २१ गते ९३.७, २२ गते ९४, २३ गते ९४.१ र २४ गते ९४.३ प्रतिशत सङ्क्रमित निको भएका छन्। बिहीबार मात्र मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कानुसार ९४.२ प्रतिशत सङ्क्रमित निको भएका छन्। सो दिन एक हजार ६४ जना निको भई घर फर्किएका थिए।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. सागरराज भण्डारीले उपचार पद्धति अन्य मुलुकको जस्तो भए पनि अहिले लक्षण नभएका सङ्क्रमित घरमै बसेर निको हुने गरेको बताए। उनले परीक्षण नै कम भएकाले सङ्क्रमित पनि कम हुने भएकाले निको हुने दर बढेको जिकिर गरे।

सशस्त्र प्रहरी बल अस्पतालका डा. प्रवीण नेपाल परीक्षण नै कम भएर सङ्क्रमणको दर पनि कम देखिनाले निको हुनेको संख्या बढेको बताउँछन्। अहिले लक्षण नभएका सङ्क्रमित घरमै बसेर आफैँ निको हुने गरेका छन्- उनले भने- अस्पताल आएर उपचार गराउनेको संख्या पनि कम हुँदै गएकाले निको हुने दर बढेको हो।

यस्तै नेपालमा विश्वको तुलनामा मृत्युदर पनि कम छ। पछिल्लो तथ्याङ्कमा नेपालमा सङ्क्रमितमध्ये ०.६७ प्रतिशतको मात्र मृत्यु हुने गरेको पाइएको छ। प्रतिदश लाखमा ५६.५ जनाको मात्र मृत्यु हुने गरेको छ। नेपालमा अहिलेसम्म एक हजार ६६३ जनाको सङ्क्रमणका कारणले निधन भइसकेको छ।

विश्वमा २.३ प्रतिशत सङ्क्रमितको कोभिड-१९का कारणले मृत्यु हुने गरेको पाइएको छ। विश्वमा १५ लाख ७६ हजार ८५ जनाको सङ्क्रमणको कारणले निधन भएको छ।

## 'मुलुक शान्ति, स्थिरता र समृद्धिको यात्रामा'



**झापा, मंसीर २६।** प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले मुलुक शान्ति, स्थिरता र आर्थिक समृद्धिको यात्रामा अगाडि बढिरहेको बताएका छन्।

माङ्सेबुङ गाउँपालिकामा शुक्रवार आयोजित कार्यक्रममा ज्योतिनन्द माङ्पाहाङ राईको शालिक अनावरण गर्दै मुख्यमन्त्री राईले आर्थिक समृद्धिबाट नै जनताको जीवनस्तरमाथि उठ्ने बताए। उनले नागरिक शान्ति, एकता र सद्भावका पक्षमा रहेको उल्लेख गर्दै अब हत्या र हिंसाका घटना नदोहोरिने बताए।

सो गाउँपालिकाको रु. १४ लाख र अन्य सहयोगी निकायबाट प्राप्त रकम गरी रु. ५० लाखभन्दा बढीको लागतमा शालिक निर्माण गरिएको जनाइएको छ।

## लिम्बूकी छोरी शिवाकोटीले अन्माए, ब्राम्हण संस्कारमा च्याब्रुङ नाच



**बिर्तामोड, मंसीर २६।** लिम्बू संस्कारमा बिवाह गर्दा हाक्पारे गीतसँगै धान र च्याब्रुङ नाच नाच्ने प्रचलन छ। नवदुलाह दुलहीलाई गीतबाटै आशिर्वाद पनि दिइन्छ। तर, झापामा एक जवेगू परिवारले ब्राम्हण परम्परा अनुसार विवाह गरेका छन्।

अर्जुनधारा नगरपालिका-१० निवासी रमेशकुमार जवेगूले आफ्ना छोरा बिजयको बिर्तामोड-१ निवासी डिल्ली-गीता शिवाकोटीकी छोरी सरस्वता सेलिङ लिम्बूसँग विवाह गराए। सरस्वताका बुबा श्रीप्रसाद सेलिङको निधनपछि शिवाकोटी परिवारले नै उनलाई पालनपोषण गरेर कन्यादान समेत दिए। सरस्वता सानै हुँदा उनका वुवा श्रीप्रसादको निधन भयो- शिवाकोटीले भने- सानैदेखि छोरीको माया दिएर हुर्कायौं, शिक्षादिक्षा दियौं र अहिले लिम्बू संस्कारमै हुर्किएको केटा खोजेर उनको विवाह पनि गरिदिएका हौं।

सरस्वता शिवाकोटी परिवारमा हुर्किएकी भए पनि उनलाई उनकै जात मिल्ने ज्वाइँ खोजेर कन्यादान दिएको शिवाकोटीले बताए। उनले भने - लिम्बू संस्कारमा वुवाको निधनपछि आमालाई काकाले लाने परम्परा हुँदोरहेछ सोही बमोजिम सरस्वताकी आमा बिमलालाई काकाले लगेपछि उनी हाम्रो छोरी भएर बसिन्, उनीसँगै उनका एक भाइ थिए। भाइ हुर्किएपछि आफ्नो पुर्ख्यौली थलो पाँचथरको याङ्वरक गए, तर छोरीलाई भने हामीले पहाड पठाएनौं, कन्यादान दिएर अन्मायौं।

शिवाकोटी परिवारले सरस्वता र बिजयको विवाह शुक्रवार ब्राम्हण परम्परा अनुसार गरे पनि विवाहमा भने च्याब्रुङ बाजा बजाइएको थियो। नौमती बाजाको सट्टा च्याब्रुङ बाजा बजाउँदा विवाहको रौनक नै बेग्लै देखिन्थ्यो। विवाहमा आएका निम्तालुले समेत सो विवाहलाई बेग्लै आनन्द मान्दै आशिर्वाद दिएका थिए। लिम्बू र ब्राम्हण समुदायमा फरक-फरक संस्कार र संस्कृति भए पनि शिवाकोटीको घरबाट सेलिङकी छोरीलाई अन्माउँदा ब्राम्हण परम्परा अनुसार अन्माइयो।

लिम्बूकी छोरी भए पनि ब्राम्हण संस्कारमा हुर्किएकी सरस्वतालाई बुहारी बनाउन पाउँदा ज्याँदै खुशी लागेको बेहुलाका बुबा रमेशले बताए। उनले भने- शिवाकोटी परिवारसंग सामाजिक परम्परा अनुसार छोराको विवाह गर्दै सम्बन्ध जोड्न पाउँदा खुशी लागेको छ। हाम्रो संस्कार/संस्कृति फरक छ- रमेशले भने- यो विवाहले समाजमा बेग्लै छाप छोड्छ। छोराको विवाह यसरी गर्न पाउँदा खुशी लागेको छ।

**लिम्बू संस्कारमा विवाह विधि**

केटा पक्षकाले छोराको विवाह गर्ने इच्छा अनुरुप केटी रोज्ने काम हुन्छ। कुनै गाउँमा केटाले चल्दोमिल्दो (साइनो नलाग्ने) लिम्बू केटी मन पराएपछि कुरा गर्ने बुढ्यौलीहरु र केटा त्यस गाउँमा गई कुनै अर्का घरमा केटी नजिकका दाजुभाइ र छरछिमेक भेला गरी केटापट्टिकाले रक्सीको बोतल राखी हामीले यस गाउँमा फलानाकी छोरी विवाह गर्ने इच्छा गर्‍यौं, तपाईहरुले सहयोग गरी केटी मिलाई दिनुपर्‍यो भनी बिन्ती गर्छन्। यसरी बिन्ती गरीमाग्ने केटीपट्टिकालाई 'चार पासिङ नौं पुलाङ' भनिन्छ।

केटा पक्षको रीतपूर्वकको अनुरोध स्वीकार गरी ती केटापट्टिकाहरु लिएर केटीका बाबु या मूल व्यक्तिसँग कुरा गर्न जान्छन्। पहिला त छोरी नदिने भए पनि चार पासिङ नौं पुलाङहरुले फूल फुलेको ठाउँमा भमरा घुम्छ, त्यसमा हामी छिमेकी दाजुभाइमा सबैको पालो आउँछ, भोलि मलाई पनि मेरी छोरी माग्न आउँदा तिम्रो पालो यस्तै हो, यत्तिको कुटुम्बमा दिँदा हुन्छ भनेर सम्झाएपछि छोरी दिन स्वीकार गरिन्छ। किनभने लिम्बू जातिमा छोरी हुर्के पनि ज्वाइँ खोजेर दिने प्रचलन देखिँदैन।

**यसरी हुन्छ लगन**

बेलुकाको खाना पश्चात् लगभग रातको नौं दश बजेतिर लिम्बू फेदाङ्वा (पुरेत) द्वारा लगन (मेक्काम) गर्ने कार्य शुरु हुन्छ। यस्तो विवाह कार्यक्रमको कुनै पनि प्रारम्भ र समाप्तिमा जोर बन्दुक पड्काउने क्रम जारी नै रहनेछ। लगन (मेक्कामथिम) मा बेहुला (सुहाङ गुम्बा)को वायाँ पारेर बेहुली (सहाङ गुम्मा) लाई दुवैलाई पलेँटी कसेर बसाउनुपर्छ। बेहुला बेहुली मिलाएर बसाउन खटिएका केटा पट्टिको लोकन्दे र केट्टीपट्टिको एकजना लोकन्दी हुन्छन्।

यी लोकन्देलाई (युन्छो ओप्पा) र लोकन्दीलाई (तान्छो ओप्मा) भनिन्छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## भकारीको माग बढ्दो

**तीर्थ तिम्सिना/बिष्णु श्रेष्ठ**

**झापा, मंसीर २६।** मंसीरको मध्य समयमा यतिबेला किसानहरु धान थन्क्याउन व्यस्त छन्। कहीँ बिटा लगाउँदै त कहीँ धान झार्दै गरेको देखिन्छ। यतिबेला बजारमा बाँसबाट तयार भएको भकारीको व्यापार समेत भइरहेको छ।

मानो खाएर मुरी उब्जाउने समयमा झापाका किसानहरुले वर्ष दिनसम्मलाई पुग्ने अन्न सुरक्षित राख्न भकारी खरिदबिक्री गर्ने गरेको चलन अहिले पनि छ। मुख्यतः झापाको बिर्तामोड, शनिश्चरे, बुधबारे, धुलाबारी लगायतका बजारमा तयार गरिएको भकारी बढी मात्रामा बिक्री हुने गरेको छ।

इलामको दानाबारी, महमाईबाट खरिद गरी शनिश्चरे बजारमा बिक्री गर्दै आएका व्यापारी कुबिरबहादुर लिम्बूले माग भए पनि स्थानीयस्तरमा उत्पादन नहुँदा टाढाबाट ल्याउनुपर्ने बाध्यता रहेको सुनाए। उनले एउटा भकारीको साइज हेरेर पन्ध्रदेखि सत्र सयसम्ममा बिक्री गर्दै गरेको सुनाए। यहाँदेखि झापाको बनियानी, राजगढ, घेराबारी, जलथलसम्मबाट माग आउने गरेको उनले बताए।

घर, आँगनमा भकारी राखेर अन्न सुरक्षा गर्ने पुरानो प्रचलन सहज र थोरै ठाउँमा धेरै अन्न राख्न सकिने भएकोले अहिले पनि उत्तिकै उपयोगी रहेको छ।



प्लास्टिकका बोरामा राख्दा धेरै ठाउँ चाहिने र मुसा आदिबाट सुरक्षा गर्न गाह्रो हुने भएकोले भकारी नै प्रयोग गर्ने गरेको लिम्बूको भनाइ छ।

भकारीको कारोबारले बाँसको उपयोग हुनुको साथै ग्रामीण क्षेत्रमा रोजगारी सृजना गरेको छ। जिल्लाभरि कति भकारी खपत हुन्छ र कसले आपूर्ति गर्छ भन्ने तथ्यांक नभएता पनि हरेक बजार र चोकहरुमा यतिबेला भकारीको कारोवार भइरहेका छन्।

**प्लास्टिकले बिस्थापित**

भकारीको व्यापार भएता पनि बजारमा विभिन्न आकर्षक खालका आयातित प्लास्टिकका बोराका भकारीले बाँसको भकारी विस्थापित गर्दैछ। आधुनिक किसिमको बजारमा पाइने भकारीप्रति सर्वसाधारण जनताको आकर्षण बढ्दै गएपछि बाँसको भकारीको बिक्री कम हुँदै गएको व्यापारी बताउँछन्। यसले गर्दा भकारी बनाएरै जिविका चलाउँदै आएका श्रमिक किसानहरुलाई आफ्नो पेशा कतै लोप हुने त होइन भन्ने चिन्ता समेत बढेको छ।

**VACANCY ANNOUNCEMENT**

**Mount Point Boarding School,** Mechinagar – 12, Charali, Jhapa Immediate requires Science Faculty (full timer) for Secondary Level.

**Qualification :** B.Sc and above. Both fresher and experienced can apply.

Contact : **9825958724/ 9814044123/ 9863611797**

**यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर**

**मंसीर २८ गते आइतवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**हार्दिक अपिल**

**मितिः २०७७/०८/२६**

**कोभिड-१९ नियन्त्रण, परीक्षण र उपचारमा सरकारले देखाएको उदासीनता, अकर्मण्यता एवम् स्वास्थ्य सामग्री खरिदमा भएको अनियमितता, भ्रष्टाचारको विरोध, गत मंसीर १७ गते तनहुँ जिल्लामा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलमाथि भएको अभद्र व्यवहार र दमनको विरोध तथा अविलम्व संसद बैठक बोलाउन माग गर्दै यही मंसीर २९ गते सोमबार हुने देशव्यापी विरोध प्रदर्शन कार्यक्रममा सहभागी भइदिनहुन सम्पूर्ण क्रियाशील सदस्य तथा आम लोकतन्त्रप्रेमी महानुभावमा हार्दिक अपिल गर्दछौं।**

***नोटः कार्यक्रममा सहभागी हुने महानुभावहरुलाई विहान १० बजे अर्जुनधारा-८ शनिश्चरे बजारस्थित देवकोटा पार्कमा भेला भइदिनहुन हार्दिक तथा विनम्रतापूर्वक अनुरोध गर्दछौं।***

***वडा सभापति एवम् कार्यक्रम संयोजकः***

**विजय राई**

**नेपाल तरुण दल**

**अर्जुनधारा नगरपालिका-८, झापा**

# बलात्कारका घटनामा मिलापत्र गराउने ६ जना पक्राउ



**झापा, मंसीर २५।** बलात्कारका घटना दिनप्रतिदिन बढिरहेका बेला बलात्कारको घटनालाई मिलापत्र गराएको अभियोगमा प्रहरीले मोरङबाट ६ जनालाई पक्राउ गरेको छ।

बलात्कारमा परेकी युवती पक्षलाई पाँच लाख रुपैयाँ दिएर घटना मिलापत्र गराउने ६ जना पक्राउ परेका हुन्। गएको भदौमा धनपालथान गाउँपालिका-५मा खेतमा मल छरिरहेकी २१ वर्षीया युवतीमाथि बेलबारी नगरपालिका-८का सुरेशकुमार खवासले बलात्कार गरेर भागेका थिए। घटनापछि पीडित युवतीका परिवारलाई पाँच लाख रुपैयाँ दिएर मिलापत्र गराइएको थियो।

मिलापत्र गराउने धनपालथान गाउँपालिकाका धनेशु खवास, सुधारसिंह खवास, मागन खवास, कलकनु खवास, जगतनारायण खवास र बेलबारी नगरपालिकाका मथालु खवासलाई प्रहरीले पक्राउ गरेको हो। बलात्कार गरेर फरार रहेका सुरेशकुमार खवास मंसीर १९ गते पक्राउ परेपछि घटना मिलापत्र भएको खुलेको प्रहरीले जनाएको छ। मिलापत्र गराएको कागजातसमेत बरामद गरेको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# प्रधानमन्त्री कपका लागि झापामा टिम छनौट



**भद्रपुर, मंसीर २६।** प्रधानमन्त्री कप राष्ट्रिय पुरुष तथा महिला एक दिवसीय क्रिकेट प्रतियोगिताका लागि झापा जिल्लामा खेलाडीसहित टिम छनौट गरिएको छ।

नेपाल क्रिकेट संघले यही पुस ११ गतेदेखि काठमाडौँमा प्रधानमन्त्री कप राष्ट्रिय पुरुष तथा महिला प्रतियोगिता गर्न लागेको हो। क्यानको निर्देशन बमोजिम झापा जिल्ला क्रिकेट संघले प्रदेश स्तरीय खेलमा सहभागिता जनाउन पुरुष तथा महिला टिम छनौट गरेका हुन्। संघले भद्रपुरस्थित मेची रङ्गशालामा खेलाडी छनौट पश्चात् टिम घोषणा गरेका हुन्।

अङ्कित सुबेदीको नेतृत्वमा पुरुषतर्फ टिम छनौट गरिएको छ। सो टोलीमा मनोज तामाङ (उपकप्तान), राज थापा, समीर कार्की, बिराट डाँगी, सुजन थपलिया, प्रनिश बिमली, सुमिरन राई, प्रवेश कामती, कमल खत्री, अभ्यास तिम्सिना, नित्य खडोरिया, ज्ञानु श्रेष्ठ र सचिन श्रेष्ठ रहेको चयनकर्ता हिमाल पोर्तेलले जानकारी दिए।

त्यस्तै राष्ट्रिय खेलाडी रुबिना क्षेत्रीको नेतृत्वमा महिलातर्फ टिम छनोट गरिएको छ। टोलीमा काजल श्रेष्ठ (उपकप्तान), रोमा थापा, अप्सरी बेगम, संगीता राई, सबनम राई, लकिता राजवंशी, ज्योति दनुवार, निग्मा तामाङ, स्मृति कटुवाल, अलिसा खँडिया, निशा शाह, मिलिना श्रेष्ठ र अनिता थपलिया रहेको संघकी जिल्ला उपाध्यक्ष तथा महिला कोच बिरु श्रेष्ठले जानकारी दिइन्।

जिल्लास्तरीय टिमका लागि कोच हितेन श्रेष्ठ र टिम मेनेजरमा तुलसी कार्कीलाई चयन गरिएको झापा क्रिकेट संघका अध्यक्ष प्रवीण थापाले जानकारी दिए। प्रदेश स्तरीय खेलमा छनोट भएका खेलाडीहरू प्रदेश १ को टिमबाट सोझै प्रधानमन्त्री कप प्रतियोगितामा सहभागी हुन पाउने व्यवस्था रहेको प्रदेशका मुख्य चयनकर्ता लाक्पा लामाले जानकारी दिए। उनका अनुसार काठमाडौँमा हुन लागेको प्रतियोगितामा तीन विभागीय टोली र सात प्रदेशका गरी १० टिमको सहभागिता रहने छ।

## लिम्बू ...

यिनीहरुद्वारा नै लगनमा बेहुलाबेहुली मिलाउने, बसाउने क्रममा बेहुलीको दायाँ घुँडालाई बेहुलाको बायाँ घुँडाले थिच्नेगरी खप्ट्याइदिने र त्यसैमाथि बेहुलीको दायाँ हत्केला राखी त्यसमाथि पनि बेहुलाको बायाँ हत्केला दुवैको उत्तानो पारी खप्ट्याइन्छ। यसप्रकार सबै मिलाइसकेपछि दुवैलाई ढाक्नेगरी एउटा नयाँ बर्को ओढाइदिनुपर्छ। यसरी मिलाएर राखिएको बेहुलाबेहुलीको अगाडि एउटा नाङ्लोमाथि केराको पात बिछ्याएर एउटा तोङ्वा, एकदुना रक्सी, एक टपरी भुटुवा मासु, एउटा खुकुरी र एउटा जोरबीटे मोहोर राखिएको हुन्छ। र फूलले सजाएको दुईवटा कलश (फूङ्सारी), दुईवटा दियो (नाम्सेमी(लासेमी), टीकाको सामान समेत राखिएको हुन्छ।

त्यसपछि शिरमा सेतो फेटा बाँधेको फेदाङ्वा बेहुला बेहुलीको सामुन्ने बसेर त्यो जोरबीटे मोहोर (युप्पारुङ) र खुकुरी उठाई हातमा लिएर आफ्नो लगन (मेक्काम) विधिको मुन्धुम बखान शुरु गर्छ। सर्वप्रथम बेहुलीलाई आफ्नो लोग्नेसँग बिचलित नभई बस्न वाचा बन्धन गर्ने क्रममा तिमीले लिम्बू मुन्धुमको स्वाम्वेवा लाहादङ्ना झैं कसैले छुट्याउँदा, बझाउँदा पनि नछुटी नबाझीकन पतिको सतमा बसेर काम गरीखानु भनी युप्पारुङ मजेत्रोमा बाँधी राख्न लगाइन्छ। त्यसपछि इङ्लादप्मा वाचा बन्धन अथवा लोग्नेले स्वास्नीलाई नराम्रो नगर्ने र स्वास्नीले लोग्नेको वचन मान्ने, कुल घरानको इज्जत थाम्ने, इष्टमित्र रिझाएर मान्यजन सासु ससुराको सेवा टहल गर्ने हुनु र सासुले बुहारीलाई छोरी जस्तै प्यारो गरेर राख्ने भनी प्रण गर्ने विधि सम्पन्न गरिन्छ।

यसरी युप्पारुङ विधि सकेपछि बेहुला बेहुलीको शीर उठाउने (मेक्काम माङ्गेना) मा दुई बेहुला बेहुलीको एकै मङ्गेन्नायक मिसाउने अनुष्ठानको लागि एकजोडी भाले, पोथी कुखुरा चाहिन्छ। अनुष्ठान खन्ने क्रमको अन्तमा ती जोडी कुखुराले बेहुला बेहुलीको खप्टेको हातमा तीन पटकसम्म छुवाई डँडाल्नोमा हिर्काइ निस्केको कुखुराको रगत थानमा रहेको केराको पातमा थापेर त्यसैको रगतबाट छोराछोरी यति हुन्छन् भन्ने परिणामहरु फेदाङ्वाले ठहऱ्याउने गर्दछ। त्यसपछि तोङ्वा पहिला बेहुलालाई चुसाएर त्यसपछि बेहुलीलाई चुसाउने अथवा जुठो खुवाउने क्रम हुनेछ।

त्यसरी नै लोकन्दे लोकन्दीहरु पनि तोङ्वा, मासु जुठो ख्वाई ख्वाई गर्दै चल्दछन् भने बुढापाकाहरु चाहीं तीया हा, सानु पाङ्ली खेम्या हा भन्दै रमाउँदै उठेर नाच्ने गर्छन्। यसैबेला बाहिर च्याब्रुङ बजाएर नाचिरहेको युवायुवतीहरुलाई मेक्काम गामको पारामा नाच्ने खबर गरिन्छ भने दुईजना च्याब्रुङवाला भित्र बोलाएर घरको मूलखम्बा वरिपरि तीन फन्को मारेर मेक्काम गाम नाच्ने गर्दछन्।

अन्तमा सबैले आर्शिवाद बेहुलाबेहुलीलाई दिँदै बेहुलीले बेहुलालाई ढोग्न लगाएर सबै बुढापाकाको आशिर्वाद थाप्न दुवैलाई बसाइन्छ भने लोकन्दीहरु धान एवम् च्याब्रुङ नाच्न बाहिर निस्कन्छन्। हाक्पारे गीत गाउन सिपालु बुढाबुढीहरु गीतबाट आशिर्वाद दिँदै रात काटेर रमाइलो गरी विवाह सम्पन्न गर्ने गरिन्छ।

# सवारी दुर्घटना एक जनाको मृत्यु

**झापा, मंसीर २६।** झापाको अर्जुनधारा-१ सालवारीमा भएको सवारी दुर्घटनामा परी १ जनाको मृत्यु भएको छ।

बिहीवारराति १० बजेको समयमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मे११प ६२५२ नम्बरको मोटरसाइकलले बाटो छेउमा बसिरहेका स्थानीय ३३ बर्षीय ललित चौधरीलाई ठक्कर दिँदा घाइते भएका चौधरीको उपचारको क्रममा बिर्तामोडको वीएण्डसी अस्पतालमा मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ।

उता झापाको कमल-७ स्थित गेउरिया सडकखण्डमा मालबाहक पिकअप भ्यान पल्टेर घाइते भएका एक जनाको ज्यान गएको छ। इलाका प्रहरी कार्यलय दमकका अनुसार दुर्घटनामा परी घाइते भएका दमक-९का ५५ वर्षीय मङ्गल चौधरीको उपचारका क्रममा ज्यान गएको हो। उनको दमकको लाइफलाइन अस्पताल ल्याउना साथ मृत भएको प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले बताए।

मार्बल लिएर दमकबाट गौरीगञ्जतर्फ जाँदै गरेको मे१च ६४९७ नम्बरको पिकअप भेन बिहान चक्का फुस्केर दुर्घटना भएको थियो। दुर्घटनामा परेर दमककै २६ वर्षीय सुनिल चौधरी र जलेश्वर चौधरी घाइते भएको प्रनाउ पण्डितले जानकारी दिए। घाइतेमध्ये सुनिललाई थप उपचारका लागि विराटनगर लगिएको र अर्का घाइतेको दमकको लाइफलाइन अस्पतालमा उपचार भइरहेको छ।

प्रहरीले दुर्घटनामा संलग्न भेन चालक दमक-६का २० वर्षीय रोहन यादवलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाएको छ।

# जागरुक कृषिको सभा, अध्यक्षमा पुनः घिमिरे

**उमानाथ भण्डारी**

**कमल, मंसीर २५।** कमल गाउँपालिका वडा नम्वर-३स्थित जागरुक कृषि सहकारी संस्थाले लिमिटेडले आफ्नो पाँचौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

सहकारीले बचत र कर्जा लगानी मात्र गरेर हुँदैन आफ्नो उद्देश्य अनुरुप काम गर्न आवश्यक छ। सदस्यलाई व्यवसायिक बनाउन आवश्यक रहेकोले अवका दिनमा सरहकारीले त्यसतर्फ ध्यान दिन आवश्यक रहेको प्रमुख अतिथि कमल गाउँपालिका वडा नम्वर ३का वडाध्यक्ष नरप्रसाद दंगालले बताए। गाउँपालिकाले कृषि क्षेत्रको प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको छ। त्यो रकम कृषकसम्म पुऱ्याएर कृषि उत्पादनको वृद्धिका लागि सरकारले भूमिका खेल्नुपर्ने दंगालले बताए।

कृषि उत्पानमा वृद्धि नभएसम्म जनताको आर्थिकस्तरमा परिवर्तन सम्भव छैन। कृषि विकासका लागि गाउँपालिकाले विनियोजन गरेको रकम कृषकसम्म पुऱ्याउने जिम्मा सहकारीको हो। सबै सदस्यलाई यस्तो कुराको जानकारी हुँदैन त्यसैले यस विषयमा सहकारीका सञ्चालकले पुलको काम गरेर अगाडि बढ्न आवश्यक रहेको विषेश अतिथि तथा कमल गाउँपालिका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले बताए।

कोभिड-१९ले उत्पन्न गरेको विषम् परिस्थितिमा पनि सहकारीले राम्रो प्रगति गरेको भए पनि अझ सदस्यको आवश्यकता अनुसार कार्यक्रम बनाएर अगाडि बढे मात्र सहकारीलाई फाइदा हुने अतिथि तथा शहीद धर्मभक्त माध्यमिक विद्यालयका शिक्षक मधुसुधन अधिकारीले बताए। २०७१ सालमा स्थापना भएको सहकारीले ५औं वार्षिक साधारणसभासम्म आइपुग्दा शेयर पुँजी २५ लाख ४८ हजार ४ सय रुपैयाँ पुऱ्याएको छ।

त्यसैगरी निक्षेपतर्फ ६७ लाख ६ हजार ६सय २४ रुपैयाँ, लगानीतर्फ ७५ लाख ७६ हजार २ सय ९५ रुपैयाँ, कूल आम्दानीतर्फ १५ लाख ७८ हजार ३ सय ३८ रुपैयाँ र विभिन्न कोषको रकम ६ लाख ९७ हजार ८ सय ६९ रुपैयाँ रहेको अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ।

संस्थाका अध्यक्ष कमल घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा सचिव पुष्कर नेपालले स्वागत गरेका थिए भने विवश बलिभद्र कोइरालाले सञ्चालन गरेका थिए।

**आगामी कार्यकालका लागि अध्यक्षमा पुनः घिमिरे**

जागरुक कृषि सहकारी सस्था लिमिटेडको आगामी चार वर्षे कार्यकालका लागि अध्यक्षमा पुनः कमल घिमिरे सर्ब सम्मत भएका छन्।

त्यसैगरी समितिको उपाध्यक्षमा गोपाल खनाल, सचिवमा पुष्कर नेपाल, सदस्यहरुमा दुर्गाप्रसाद कोइराला, पदमविक्रम थेवे, नरेन्द्रबहादुर थापा, रमेश भट्टराई, पवित्रा सुवेदी, साबित्रा पौडेल चयन भएको निर्वाचन समिति संयोजक सूर्यप्रसाद न्यौपानेले जानकारी दिए।

त्यसैगरी संस्थाको लेखा समिति संयोजकमा महेन्द्र अर्जेल तथा सदस्यहरुमा भूपेन्द्र खनाल र लक्ष्मी लुइँटेल (खड्का) चयन भएका छन्।


## जग्गा बिक्रीमा

अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।

**मो. ९८०७९१०२२२**

## कर्मचारी आवश्यकता

पद : बजार प्रतिनिधि
संख्या : केही (महिला/पुरुष)
तलब : संस्थाको नियम अनुसार
स्थानः गरामनी, अर्जुनधारा, बुट्टाबारी, लक्ष्मीपुर, दुर्गापुर, बिर्ताबजार, सैनिक बजार, घैलाडुब्बा।

**सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि**
सम्पर्क : ५५०६७६/९८१५०६२२१५

## डा. रवि शाही

MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
**बरिष्ठ मुटु रोग विशेषज्ञ**

के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ। समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस्।

सम्पर्कः **प्रदीप फार्मेसी**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६

## VACANCY

**Little Angels' Boarding School** invites application from energetic, Self-motivatied and dedicated personnel in teaching for the following posts immediatly.

| S.N. | Subject | Qualification | No | Level |
|---|---|---|---|---|
| 1. | Science | MSc./Bsc. Physics | 1 | Sec. |
| 2. | English | M.Ed./M.A. | 1 | Sec. |
| 3. | EPH | B.Sc | 1 | Sec. |

Qualified candidates with Experience are invited to visit school during school hour with C.V. by 29th of Mangsir 2077.
**Salary: Negotiable**

*Principal*
**Little Angels' Boarding School**
Mechinagar-13, Charali, Jhapa, Phone: 460124, 9851011399
Email: info@labscharali.edu.np

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## श्री गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि.को बार्षिक साधारणसभा सम्बन्धी सूचना

श्री गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. मिति २०७७।०८।१५ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको ११औं बार्षिक साधारणसभा तपसिलमा उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि संस्थाको विनियम विभिन्न मितिको संशोधन बमोजिम देहायका कार्यक्रमसहित सञ्चालन हुने हुँदा यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरुलाई निम्न मिति र समयमा सहभागी भइदिनुहुन अनुरोध गर्दछौं।

१) सञ्चालक समितिको प्रतिवेदन
२) संस्थाको आ.व. २०७६।२०७७ को लेखा परीक्षण प्रतिवेदन
३) लेखा समिति प्रतिवेदन
४) संस्थाको बार्षिक कार्यक्रम आ.व. २०७७।०७८को प्रस्तावित बजेटमाथि छलफल
५) लाभांश वितरण ६) कर्मचारी बोनस वितरण सम्बन्धनमा
७) साधारणसभाको बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा
८) सञ्चालक समितिको निर्णय बमोजिम शेयर सदस्यहरुलाई कोभिड-१९को कारण लकडाउन छुट खर्च अनुमोदन सम्बन्धमा
९) लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा १०) विविध

**तपशिल**
**साधारणसभा कार्यक्रम**
मितिः २०७७।०९।०४ गते र ०५ गते
समयः विहान १०:०० बजेदेखि ४ बजेसम्म
स्थानः आफ्नै कार्यालय भवनमाथि

***नोटः कोभिड-१९को महामारीलाई मध्यनजर गर्दै कोभिड-१९ बाट सबै सुरक्षित रहनका लागि भीडभाडबाट बच्नका लागि माथि उल्लेखित दुई दिन कार्यक्रम राखिएको छ।***

**साधारणसभा सम्बन्धी अन्य जानकारी**
१) साधारणसभा जुम (ZOOM) माध्यमबाट सञ्चालन हुनेछ, सोको पासवर्ड र जुम आइडीपछि उपलब्ध गराइनेछ।
२) साधारणसभाको प्रत्यक्ष प्रशारण संस्थाको आधिकारिक सामाजिक सञ्जाल फेसबुक (ID shree Gauravshali) मार्फत गरिनेछ।
३) प्रत्यक्ष सहभागी हुने सदस्यहरुले भौतिक दुरी कायम राखेर सहभागी हुन सकिनेछ।

**मिरा खड्काः** सचिव **लवकुमार चौधरीः** अध्यक्ष

## हार्दिक श्रद्धाञ्जलि

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पढ्मा त्यो बिन्ती मान्दैन त्यो
धुप्रोमा उधिनी मिठो र नमिठो छुट्याइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो



हाम्रा प्रातः स्मरणीय पिता/भाइ सूर्योदय नगरपालिका-३ फिक्कल निवासी **दिनेश श्रेष्ठ**को यही मिति २०७७ मंसीर २५ गते विहीवारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त स्तब्ध एवम् मर्माहत बनाएको छ। दुःखको यस क्षणमा गतात्माको बैकुण्ठवास र सायुज्य मुक्तिको कामना गर्दैं भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

जन्मः २०२३।०३।०८
स्वर्गारोहणः २०७७।०८।२५

श्रीमतीः राधा श्रेष्ठ

छोरा: निश्चल श्रेष्ठ
छोरी: सायका श्रेष्ठ
दाजुभाउजू: मोहन/तारा श्रेष्ठ

एवम् **समस्त श्रेष्ठ परिवार**, सूर्योदय नपा-३, फिक्कल, इलाम

## हार्दिक समवेदना

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पढ्मा त्यो बिन्ती मान्दैन त्यो
धुप्रोमा उधिनी मिठो र नमिठो छुट्याइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो




जन्मः वि.सं. २०१५ मंसीर २२ धारापानी, ओखलढुंगा
स्वर्गारोहणः वि.सं. २०७७ मंसीर २३ दमक-९, झापा

नेपाल पत्रकार महासंघ झापाका संस्थापक सदस्य, पूर्वाञ्चल दैनिकका पूर्व सहकर्मी श्री केशव धितालकी पत्नी शिक्षासेवी **श्री रुक्मिणी रिजाल धिताल**को अकल्पनीय रुपमा अल्पायुमा भएको निधनले हामीलाई स्तब्ध एवम् भावविह्वल बनाएको छ।

माता तुलसा र पिता रत्नप्रसादको छोरी भई जन्मिएर हुर्कंदै शिक्षादीक्षा लिँदै कर्म र व्यवहारबाट आफूलाई परिपक्व साबित गर्दै शिक्षण पेशामार्फत शिक्षा सेवामा संलग्न रहँदै उहाँले ०६३ सालमा केशव धितालकासाथ वैवाहिक सम्बन्ध गाँस्नुभयो। कठिन परिस्थितिमा पनि आफ्नो कर्म र जिम्मेवारीबाट विचलित नभई जीवनयात्रा अघि बढाउनुभएका उहाँको संघर्ष, सफलता र जीवनशैली सबैका लागि अनुकरणीय थिए।

दुःखको यस क्षणमा हामी आदरणीय रुक्मिणी रिजाल धितालको आत्माको वैकुण्ठबासको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। पत्नीसंगको वियोगको पीडादायी क्षणमा रहनुहुने उहाँका श्रीमान् केशव धितालसहित शोकाकुल समस्त परिवारजनमा शोक सहने क्षमता प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्रीअन्तु प्रकाशन (प्रा.)लि.
**पूर्वाञ्चल दैनिक परिवार**
बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

# वार्षिक नीति तथा कार्यक्रम र बजेट

१. यस संस्थाको गरिमामय २४औं वार्षिक साधारणसभामा आ.व. ०७७/०७८ को लागि वार्षिक नीति कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. यो बजेटले रजत वर्षलाई सफलताका साथ समापन गर्दै स्वर्ण महोत्सवको लागि प्रस्थान विन्दुको रुपमा आधार तयार गरेको छ।

३. बजेट तर्जुमा गर्दा हामीले सहकारीको मूल्यमान्यता र सिद्धान्त, कार्यालयस्तरमा तय भएका योजनाहरूको समावेश, विगतका नीति, कार्यक्रमहरूको तुलनात्मक अध्ययन, सदस्य सर्वेक्षण तथा सुझावहरू, सदस्यहरूसँगको नियमित छलफल तथा अन्तरक्रियाका क्रममा प्राप्त विचारहरूलाई मार्गदर्शनको रुपमा लिएका छौं।

४. विश्वव्यापीरुपमा कोरोनाको महामारीबाट पारेको आर्थिक मन्दिबाट बाहिर निस्कनको लागि अधिकतम् प्रयास स्वरुप बजेटमा समावेश गरिएको छ।

५. संस्थाको सेवा क्षेत्र र संरचनाहरुको विस्तार, पूर्ण प्रविधिमैत्री वातावरण, आन्तरिक सुशासन कायम, उद्यमशीलता र व्यवसाय विकासतर्फ उन्मुख साथै सेवामा गुणस्तरीयता र व्यावसायिकताको विकास गर्दै High performance organization को रुपमा अघि बढ्नेतर्फ बजेट लक्षित छ।

६. नेपालको संविधान २०७२ ले व्यवस्था गरेको तीन खम्बे अर्थ नीतिमा सहकारीलाई महत्वपूर्ण पिलरको रुपमा स्वीकार गरिएको छ। यसै वर्ष मात्र सहकारीको २५ वर्षे रणनीति तयार भई स्पष्ट खाका तयार भएको छ।

७. सरकारले अबका दिनहरुमा आर्थिक समृद्धिमा जोड दिँदै सहकारीहरु मार्फत साना-मध्यम उद्यम (SME) र व्यावसायिक कृषिमा उत्पादन, प्रशोधन र बजारीकरण गर्दै अघि बढ्ने सोच राखेको छ। जसबाट आयात प्रतिस्थापन र आत्मनिर्भरतामा जोड पुग्नेछ।

८. संस्थामा उपलब्ध स्रोत र साधनहरुलाई अधिकतम् परिचालन गरी सदस्यको समृद्धि, सामाजिक र सांस्कृतिक रुपान्तरण तथा संस्थागत संस्कार निर्माण गरी सदस्य, समुदायले केही वर्षभित्रै प्रत्यक्ष अनुभूति गर्न सक्ने नतिजा देखिने कार्यक्रमलाई बजेटमा प्राथमिकताका साथ राखिएको छ।

९. वित्तीय बजारमा कोरोनाको प्रभावबाट पर्याप्त लगानी नभई रहेको हुँदा तरलता अधिकता रहनु, सन्दर्भ ब्याजदरबाट ऋणको ब्याजदर घटेकाले सोबाट संस्थाको कारोबारमा पर्न सक्ने असर आँकलन गरी बजेट निर्माण गरिएको छ।

१०. यस संस्थाले प्रथम पञ्चवर्षीय योजनालाई सिकाई र सक्रियता वर्षको रुपमा, दोस्रो पहिचान र सुदृढीकरण, तेस्रो सक्षमता र सबलीकरण, चौथो विस्तार र सञ्जालीकरण तथा पाँचौं पञ्चवर्षीय योजनालाई व्यावसायिकता र एकीकरण वर्षहरूको रुपमा परिभाषित गरेको छ भने छैटौं पञ्चवर्षीय योजनालाई सूचना-प्रविधि र विशिष्टीकरण वर्षहरुको रुपमा परिभाषित गरिएको छ।

११. यो वार्षिक नीति, कार्यक्रम र बजेट संस्थाको आधारशीलाको रुपमा रहेका सदस्यहरूको संरक्षण, सम्बर्द्धन, सामाजिक सुरक्षा, जीवनस्तर सुधार, रोजगार बृद्धि तथा संस्थाको मेरुदण्डको रुपमा रहेको कर्मचारीको सेवाको ग्यारेण्टी, क्षमता अभिबृद्धि, वृत्ति विकास र संस्थाको सक्षमता तथा दिगोपनाका लागि आधारशीला तयार गर्नेतर्फ केन्द्रित गरिएको छ।

१२. यो बजेट संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्य प्राप्तिमा सघाउ पुग्ने गरी निर्माण गरिएको छ। साथै, नेपाल सरकारको "सुखी नेपाली समृद्ध नेपाल"को नारालाई टेवा पुऱ्याउने गरी तयार गरिएको छ।

**संस्थाको वित्तीय अवस्था**

१३. आ.व. ०७६/०७७ मा संस्थाको शेयर पूँजी १ अर्ब ३४ करोड ९१ लाख रहेको छ। चालू आ.व.मा यसलाई बृद्धि गरी १ अर्ब ५० करोड पुऱ्याइनेछ। यो कूल सम्पत्तिको १४.७३ प्रतिशत हुनेछ।

१४. त्यसरी नै हाल संस्थाको कूल बचत ६ अर्ब १० करोड ९४ लाख रहेको छ। चालू आ.व.मा यसलाई बृद्धि गरी ९ अर्ब ५० करोड पुऱ्याइनेछ। यो कूल सम्पत्तिमा बचतको ६८ प्रतिशत रहेको हुनेछ।

१५. चालू आ.व.सम्म संस्थाको आन्तरिक स्रोतहरू (शेयर, बचत, संस्थागत पूँजी) १२ अर्ब र बाह्य स्रोतहरू (बैंक तथा वित्तीय संस्थाबाट ऋण) १ अर्ब गरी संस्थाको कूल पूँजी १३ अर्ब पुऱ्याइनेछ।

१६. यस वर्ष सदस्यहरूलाई विभिन्न क्षेत्रमा गरेको ऋण लगानी ७ अर्ब ३५ करोड रहेकोमा चालु आ.व.मा यसलाई बृद्धि गरी ९ अर्ब पुऱ्याइनेछ।

१७. यस आ.व.मा कूल आम्दानी १ अर्ब ६६ करोड र खर्च १ अर्ब ३० करोड गरी खुद नाफा ३६ करोड हुनेछ।

**चुनौतिहरू**

१८. कोभिड-१९ को कारणबाट सदस्यहरुको व्यापार-व्यवसाय राम्ररी सञ्चालन हुन नसक्दा ऋणको माग नहुने र ऋणको भाखा नाघ्न सक्ने भएको हुँदा कर्जाको नियमिततालाई अगाडि बढाउनु पर्ने।

१९. नयाँ सहकारी ऐनले पार्न सक्ने नीतिगत तथा कानूनी रुपमा पार्न सक्ने कठिनाइलाई सामना गर्दै अगाडि बढ्नु पर्ने। साथै, स्थानीय तहसँग सम्बन्धको विकास र समन्वय गरी अघि बढ्नुपर्ने।

२०. "जिवन बाँचे सबथोक गर्न सकिन्छ" भन्ने मान्यतालाई आत्मसात गर्दै सदस्य तथा कर्मचारीको स्वास्थ्य सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै वित्तीय कारोबार सञ्चालन गर्नुपर्ने।

२१. शेयर सदस्यहरूले प्राप्त गरिरहेका सेवा सुविधाहरू, स्वास्थ्य योजना, सामाजिक सुरक्षा कार्यक्रम र जनउत्तरदायी सामुदायिक कार्यक्रमहरूलाई निरन्तर अझ बढाउँदै लैजानुपर्ने।

२२. रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगाउने तथा वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्वरोजगार प्रदान गर्दै स्वदेशमा नै बस्ने वातावरण सिर्जना गर्नुपर्ने।

२३. प्रदेश तथा स्थानीय तहसँगको समन्वय र साझेदारीतालाई अझ प्रभावकारी रुपमा अघि बढाउनु पर्ने।

२४. पूँजीको उपलब्धता तथा आयआर्जन र उद्यमशीलता सिपको माध्यमबाट सदस्यहरूलाई स्वरोजगारको अवसर प्रदान गरी आर्थिक जीवनस्तर उठाउन सहयोग गर्नुपर्ने।

२५. सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयनका लागि KYM अपडेट गराउँदै पूर्णरुपमा लागू गर्नुपर्ने।



**महेन्द्रकुमार गिरी**
सचिव

२६. संस्थाले एकीकरण प्रक्रियालाई प्रोत्साहन नै गरिरहेको छ। एकैचोटी धेरै संस्था मर्ज हुँदा कार्य प्रणालीमा एकरुपता नहुँदा केही समय अप्ठयारो पर्न सक्छ। अतः एकीकरण प्रक्रियालाई सुरक्षित, सौहाद्र र सहज वातावरण बनाउँदै अघि बढ्नु पर्ने।

२७. संस्थाले प्रतिस्पर्धात्मक वित्तीय बजारमा अन्य सहकारी तथा वित्तीय संस्थाहरू भन्दा उन्नतस्तरको सेवासुविधा उपलब्ध गराई सदस्यहरूमा संस्थाप्रतिको आशा, भरोसा कायमै राख्नु पर्ने।

२८. अबका दिनहरुमा डिजिटल युगको प्रारम्भ भइसकेको छ। सदस्यहरुलाई वित्तीय कारोबार प्रविधि मार्फत् अभ्यस्त बनाउनु पर्ने छ। साथै संस्थालाई क्रमशः प्रविधिमैत्री बनाउँदै लानु पर्ने।

२९. संस्थाको विकास र विस्तारसँगै भविष्यमा आउन सक्ने जोखिम र चुनौतीहरुको सामना गर्न सक्ने दीगोपनको खोजी गर्नुपर्ने।

**संस्थाको सोच**

३०. सम्पूर्ण वित्तीय सेवा प्राप्तिका लागि सदस्यहरूको पहिलो रोजाईको संस्था हुने।

३१. नेपालका सम्पूर्ण अस्पतालहरुमा सदस्यहरूलाई गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता प्रदान।

३२. सबै सदस्यहरुको सुरक्षित आवासको व्यवस्थाको लागि प्रबन्ध गरिने।

३३. जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका व्यक्ति र अनाथ बालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिने।




## २४औं बार्षिक साधारणसभा

३४. कृषिलाई व्यावसायीकीकरणका लागि किसान मोडल तयार गरी सदस्यहरुलाई संलग्न गराउने।

३५. हजारौं युवालाई पूँजी र प्राविधिक सिप दिई स्वरोजगार बनाउने अभियान सञ्चालन गरिने।

३६. उद्यमशीलता र व्यवसाय विकासको माध्यमबाट सदस्यको समृद्धिमा सहयोग पुऱ्याउने।

३७. शिक्षा क्षेत्रको विकासका लागि प्राविधिक शिक्षालय र नमूना विद्यालय सञ्चालन।

३८. सदस्यहरुको सहजताका लागि सूचना प्रविधिमैत्री सेवा सञ्चालन।

३९. सहकारी क्षेत्रको एशिया स्तरको ब्राण्ड प्राप्त गर्दै अन्तर्राष्ट्रिय पहिचान बनाउने।

४०. नेपालको एक उत्कृष्ट सहकारी संस्थाको रुपमा स्थापित हुने।

**यस संस्थाको गरिमामय २४औं वार्षिक साधारणसभामा आ.व. ०७७/०७८ को लागि वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**संस्थाका कार्यक्रमहरु**

१. रजत महोत्सवको समापन

- यो संस्था ०७६ चैत्र २१ गतेदेखि २५ वर्षमा प्रवेश गरेको छ। रजत महोत्सवको उद्घाटन नहुँदै काभिड-१९ को कारण चैत्र ११ देखि नै पूर्ण लकडाउन र हालसम्म पनि भेला गराई कुनै पनि कार्य गर्न नपाउने प्रावधानका कारण संस्थाले तय गरेका १३ वटै कार्यक्रमहरुलाई क्रमशः सम्पन्न गर्दै लगिने छ।

**२. शेयर लाभांश र संरक्षित पूँजी कोष वितरण**

- संस्थाले पूँजी लगानी कर्ता शेयर सदस्यहरूलाई सहकारी ऐनको मातहतमा रही लगानीको अधिकतम् प्रतिफल दिने नीतिलाई निरन्तता दिँदै यस वर्ष १०% शेयर लाभांश वितरण गर्ने प्रस्ताव पेश गर्दछु।
- त्यसरी नै संरक्षित पूँजी कोषमा भएको रकमबाट बचतमा ४०% र ऋणमा ६०% छुट्याई सदस्यले लिएको तथा तिरेको ब्याजको आधारमा सुविधा वितरण गरिनेछ।

**३. ब्याजमा सहुलियत प्रदान**

- यस संस्थाले आफ्ना सदस्यहरुलाई व्यापार-व्यवसाय र उद्यमशीलताको लागि पूँजीको अभाव नहोस् भन्ने उद्देश्य तथा कहींकतै धाउन नपरोस् भन्ने सोचका साथ ऋणको ब्याजदर ११-१३ प्रतिशत कायम गरिएको छ। साथै लघुवित्त कार्यक्रममा ऋणको ब्याजदर १४.७५ प्रतिशत बनाइएको छ भने बचतमा दिइने ब्याजमा पनि बजारभन्दा आकर्षक ब्याजदर प्रदान गरिने छ।

**४. कोभिड सहायता कार्यक्रम**

- शेयर सदस्यहरुमा कोरोना पोजेटीभ देखिएर होम आइसोलेशन तथा आवश्यक परेमा आइसोलेसन सेन्टरमा बस्नु परेको अवस्थामा संस्थाले प्रतिदिन रु. ५००।- का दरले १४ दिनसम्मको लागि कोरोना भत्ता उपलब्ध गराइने छ।
- त्यसरी नै कोरोनाको बिरामीबाट सिकिस्त भई अस्पताल भर्ना गराउनुपर्ने अवस्था भई आईसियू, प्लाज्मा थेरापी, Redmisivir इन्जेक्सन लगायत उपचारको लागि स्वास्थ्य योजना अन्तरगत ३ लाखसम्म सहयोग गरिने छ।
- शेयर सदस्यहरुले लिएको ऋणको किस्ता तिर्न नसकेमा हाललाई हर्जना तथा जरिवाना लिइने छैन।
- शेयर सदस्यलाई कोरोना पोजेटीभ भएको अवस्थामा आइसोलेशन सेन्टरको खोजी, पि.सि.आर टेष्ट, प्लाज्मा संकलन, कोरोना अस्पताल भर्ना लगायतका कुराहरुमा सहयोग प्रदान गर्न कोरोना हेल्प डेस्कको स्थापना गरिने छ।
- सदस्यहरुलाई सामाजिक दूरी, मास्कको प्रयोग, हात धुने तरिका बारे जानकारी र सरसफाई सम्बन्धी चेतनामूलक अभियान सञ्चालन गरिने।
- सदस्यको व्यापार व्यवसाय राम्ररी सञ्चालन नभई रहेको अवस्थामा तनाब हटाउन र मनोबल उच्च बनाउन मनोपरामर्श प्रदान गरिने छ।
- संस्थाले कोरोना पोजेटीभ भएको अवस्थामा सदस्य तथा कर्मचारी राख्न २५ बेडको आइसोलेशन सेन्टर स्थापनाको लागि पहल गरिने छ।

**५. सामाजिक सुरक्षा योजना :**

- **सदस्य पोषण भत्ता कार्यक्रम :** यस संस्थाले जेष्ठ सदस्यहरुलाई स्वस्थ्य जीवन रहनको लागि पोषणयुक्त खानपान गर्न वार्षिक पोषण भत्ता रु. ६,०००/- लाई निरन्तरता दिइनेछ।
- **जेष्ठ सदस्य सम्मान भत्ता :** ७० वर्ष उमेर पूरा गरेका जेष्ठ शेयर सदस्यहरूलाई रु. ८,०००।- उपलब्ध गराइनेछ भने ८१ वर्ष उमेर पूरा गरिसकेपछि सो रकमलाई बृद्धि गरी वार्षिक रु. १०,०००।- दिने कार्यलाई समेत निरन्तरता दिइनेछ।
- **दीर्घायु सदस्य भत्ता :** यस संस्थाले जेष्ठ सदस्यहरुको दीर्घजीवनको कामना गर्दै ८६ वर्षदेखि ९९ वर्षसम्मका सदस्यहरुलाई दीर्घायु सदस्य भत्ता रु. २५,०००।- लाई निरन्तरता दिइने छ।
- **एकल महिला भत्ता :** यस अन्तरगत श्रीमानको मृत्यु भई एकल जीवन बिताइरहनुभएका महिला सदस्यहरुलाई वार्षिक रु. ८,०००।- लाई निरन्तरता गराइने छ।
- **एकल पुरुष सहयोग कार्यक्रम :** एकल जीवन बिताइरहनु भएका पुरुष सदस्यहरु ५८ वर्ष पूरा गर्नुहुने पुरुष शेयर सदस्यहरुलाई सहयोग वार्षिक रु. ६,०००।- उपलब्ध गराइने छ।

**६. सदस्य संरक्षण योजना**

- **भरोसा कार्यक्रम :** यस अन्तरगत शेयर सदस्यका छोराछोरीले आमाबाबु दुबै गुमाई अनाथ भएको अवस्थामा बालिग नहुञ्जेल संस्थाले शिक्षा र पालनपोषणको खर्च प्रदान गर्दछ।
- **हौसला कार्यक्रम :** यस अन्तरगत शेयर सदस्य पूर्णरुपमा स्थायी अशक्त र अपाङ्ग भएको अवस्थामा निजको जीवनयापनका लागि वार्षिक १० हजार उपलब्ध गराइने छ।
- **स्मृति कार्यक्रम :** यस अन्तरगत दिवगंत भएका शेयर सदस्य तथा कर्मचारीको सम्झना स्वरुप हरेक २/२ वर्षमा कार्यक्रम गरी आश्रित परिवारलाई रु. २५,०००/- समेत ५ पटकसम्म उपलब्ध गराइने छ।
- **"आश्रय" कार्यक्रम :** यस अन्तरगत घर बनाउन नसक्ने अति नै विपन्न शेयर सदस्यका ५ परिवारलाई यस वर्ष पनि घर निर्माणमा सहयोग गरिने छ।
- **परिवार राहत कार्यक्रम :** यस अन्तरगत शेयर सदस्य ७५ वर्ष पुगेपछि स्वयम्‌लाई नै तथा मृत्यु भएको अवस्थामा परिवारका सदस्यहरुलाई जीवनयापन सहजताको लागि उपलब्ध गराउँदै आएको ५ लाखसम्मको परिवार राहत कार्यक्रमलाई यस वर्ष पनि निरन्तता दिइने छ।

**७. स्वास्थ्य सेवा योजना**

- **घर दैलो स्वास्थ्य सेवा :** अस्पतालबाट अप्रेशन गरी घर फर्केका सदस्यहरुलाई नियमित ड्रेसिङ्ग लगायतका प्राथमिक उपचार सेवा उपलब्ध गराइने छ।
- **सञ्जीवनी कार्यक्रम :** यस अन्तरगत नियमित औषधि सेवन गर्नुपर्ने प्रमुख १० वटा रोगहरु उच्च रक्तचाप, सुगर, थाइराइड, कोलेस्ट्रोल, युरिक एसिड, मुटु, मृगौला, दम, छारे रोग र कोलाइटीटिसका बिरामीहरुलाई ५० प्रतिशत सहयोग उपलब्ध गराइने छ।
- **सिनियर सिटीजन हेल्थ केयर :** यस अन्तरगत यो वर्षदेखि जेष्ठ सदस्य तथा बृद्ध आमाबुबाहरु बिरामी भई घरमा नै मिनि अस्पतालको सेवा दिन सहज बनाउन ह्वील चियर, अस्पताल बेड, कुर्सी, अक्सिजन न्युनतम् शुल्क लिई पछि निको भएपछि फिर्ता हुने गरी प्रदान गरिने छ।
- **वेलनेस सेन्टर स्थापना :** यस अन्तरगत एक सुविधा सम्पन्न डाइग्नष्टिक सेन्टर स्थापना गरी सदस्यहरुलाई सहुलियत सेवा प्रदान गरिने छ।
- **विश्वासिलो अनलाइन फार्मेसी सञ्चालन :** यस संस्थाले सदस्यहरुको घरदैलोमा नै औषधि उपलब्ध गराउन अनलाइन फार्मेसी सञ्चालन गरिनेछ।
- **एम्बुलेन्स सेवा सञ्चालन :** यस संस्थाले एक सुविधासम्पन्न एम्बुलेन्स खरिद गरी सञ्चालन गरिनेछ।
- **जीवन बरदान कार्यक्रम :** यस अन्तरगत एक साना तथा मझौला शल्यक्रिया, प्रसुती सेवा, दुर्घटना र विशेष रोगहरुमा निर्देशिका बमोजिम सुविधा प्रदान गरिने छ।
- **सुत्केरी पोषण कार्यक्रम :** यस संस्थाका महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा पहिलो दुई सन्तानसम्म रु .२,०००/- बराबरको पोषण सामग्री उपलब्ध गराइने छ।

**८. कृषि-पशु व्यवसाय प्रवर्द्धन योजना**

- **कोशेली घर सञ्चालन :** यस अन्तरगत सदस्यहरुले उत्पादन गरेको वस्तुहरु बिक्रीवितरण र बजारीकरणको लागि कोशेली घर सञ्चालन गरिने छ।
- **टनेल भिलेज निर्माण :** यो अवधारणा अन्तरगत शेयर सदस्यहरुलाई व्यावसायिक तरकारी खेती गर्न टनेल, थोपा सिँचाई, सोलार पम्प, यान्त्रिकीकरणलाई प्रवर्द्धन गरिने छ।
- **कृषि मूल्य श्रृंखला कार्यक्रम :** यस अन्तरगत व्यावसायिक बाख्रा, कुखुरा उत्पादन गर्ने किसान, फ्रेस हाउस, दाना उद्योग, एग्रोभेट, होटल सबैलाई एउटै चेनमा राखिने छ साथै यस वर्ष संस्थाले ५००० जनालाई ऋण र प्राविधिक सिप उपलब्ध गराउने छ।
- **मौरी उद्योग सञ्चालन :** यो संस्थाले सहकारी साझेदारी अवधारणा अनुरुप सतासी महिला कृषि सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन गर्दै आएको मह उद्योगलाई अझ प्रभावकारी रुपमा अघि बढाइने छ।
- **कृषि स्रोत केन्द्र निर्माण :** संस्थाले शिव सतासी न.पा. दोमुखामा रहेको जग्गामा बाख्रा, मौरी र तरकारीको स्रोत केन्द्र निर्माण गरिने छ।
- **कृषि आयआर्जन कार्यक्रम :** यस अन्तरगत च्याउ खेती, मौरी, माछापालन, पशुपालन, तरकारी खेती लगायतका तालिम २००० जनालाई प्रदान गरिने छ।

**९. संस्थागत विकास योजना**

- **सूचना प्रविधिमा सदस्यको पहुँच :** यस अन्तरगत संस्थाले आफूलाई प्रविधिको क्षेत्रमा अब्बल बनाउँदै सदस्यलाई ट्याबलेट, मोबाइल, मर्चेण्ट र एसएमएस बैकिङ्ग सेवालाई प्रभावकारी रुपमा अघि बढाउने छ।
- **संस्थाको रणनीतिक योजना तयार :** यो संस्थाको आगामी ४ वर्षे (२०७८-२०८१) सम्मको रणनीतिक योजना तयार गरिने छ।
- **रि-ब्रान्डिङ र रिनोभेशन :** संस्थालाई नयाँ उचाइमा पुऱ्याउन रि-ब्रान्डिङ र सेवा केन्द्रलाई क्रमशः रिनोभेशन गर्दै लगिनेछ। यसका लागि आवश्यक बाह्य जनशक्ति मार्फत कार्य अगाडि बढाइनेछ।
- **साक्षरता अभियान :** यस अन्तरगत संस्थाले आफ्ना सदस्यहरुलाई नियमितरुपमा वित्तीय साक्षरता, स्वास्थ्य साक्षरता र प्रविधि साक्षरता २० हजार जनालाई प्रदान गरिने छ।
- **प्राविधिक शिक्षालय स्थापना :** संस्थाले कृषि र पशु विषयमा पढाई हुने प्राविधिक शिक्षालय स्थापना गर्नेछ।
- **सदस्य/सेवा केन्द्र बिस्तार :** यो संस्थाले नियमित सदस्य विस्तारलाई निरन्तरता दिइने साथै १० वटा सेवा केन्द्र थप गरिने छ।
- **Agri-business unit स्थापना :** संस्थाले सदस्यहरुलाई कृषि, पशु र उद्यमशीलताका बिषयमा सेवा प्रदान गर्न छुट्टै युनिट स्थापना गरिने छ।
- **सहकारीहरुसँग एकीकरण प्रयास :** संस्थाले हालसम्म ६ वटा सहकारीहरुसँग सफलताका साथ एकीकरण गरिसकेको छ। यसलाई निरन्तरता दिइने छ।
- **अन्तर्राष्ट्रिय ब्राण्ड प्राप्त गर्ने :** यस संस्थाले विगतका वर्षहरुदेखि नै प्रयास गरिरहेको एक्सेस र स्मार्ट सर्टिफिकेशन प्राप्त गर्न प्रक्रिया अघि बढाइने छ।
- **सेवा केन्द्र भवन निर्माण :** संस्थाले सेवा केन्द्रहरुलाई क्रमशः आफ्नै भवन बनाउने सोच अनुरुप कुमरखोद र शिवगञ्जमा भवन निर्माण कार्य अघि बढाइने छ।
- **गैर बैकिङ सम्पत्ति बिक्री :** यस संस्थामा मर्ज हुँदा आएका अचल सम्पत्ति जुन लिलामबाट आएका छन्, तिनिहरुलाई बिक्री गरिने छ। साथै हाइड्रोपावर तथा बैंक वित्तीय संस्थाको शेयरहरु समेत बिक्री गरिने छ।
- **अध्ययन अनुसन्धान :** यस संस्थाले प्रदान गर्ने वित्तीय सेवालाई उच्चस्तरको कसरी बनाउने भन्नेबारे अध्ययन/अनुसन्धान गरिने छ।

**१०. संस्कार र संस्कृति जर्गेना योजना**

- **असल संस्कार निर्माणमा जोड :** यस संस्थाले सदस्य, कर्मचारीबाट नै असल संस्कारहरु पालना गराउँदै समुन्नत समाज निर्माणमा सहयोग पुऱ्याइने छ।
- **सरहे अभियान :** यो कार्यक्रम अन्तरगत सदस्यको परिवारमा मरिमराउ भएको अवस्थामा काजक्रिया अवधिमा नै समवेदनासहित रु. ३०,०००।- एकमुष्ठ उपलब्ध गराउँदै आएको सरहेलाई निरन्तरता दिइने छ।
- **समवेदनासहित सहानुभूति व्यक्त :** यो संस्थाको शेयर सदस्य स्वयम् तथा परिवारका सदस्यको मृत्यु भएको अवस्थामा समवेदना व्यक्त गर्न जाने कार्यलाई निरन्तरता दिइने छ।
- **दशकर्म तथा वार्षिकी सुविधा :** यस संस्थाका शेयर सदस्यका परिवारमा मरिमराउ भएको अवस्थामा दशकर्म रु. ३०,०००।- उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइने छ।
- **विपद् व्यवस्थापन कार्यक्रम :** यो कार्यक्रम अन्तरगत विभिन्न समयमा आउन सक्ने भूकम्प, बाढी, पहिरो, महामारीबाट हुन सक्ने क्षतिको आँकलन गर्दै उद्धार राहत र पुनर्स्थापनाको लागि पूर्ण तयारीका कार्यक्रम गरिने छ।

**११. सामुदायिक विकास योजना**

- **जेष्ठ नागरिक चौतारी :** यस कार्यक्रम अन्तरगत १४ वटा सञ्चालनमा रहँदै आएकोमा यस वर्ष थप १० वटा सञ्चालनमा ल्याइने छ।
- **दीगो विकास लक्ष्य (SDG) :** यो लक्ष्य प्राप्तिको लागि सहकारीले पुऱ्याउन सक्ने योगदानको बारेमा जानकारी र सु-सूचित गराइने छ।
- **सिप र रोजगार :** यो कार्यक्रम अन्तरगत १०० युवाहरुलाई सिप र रोजगार बनाउन सहयोग प्रदान गरिने छ।
- **वातावरण मैत्री गाउँ (ECO Village) :** यसका लागि एउटा गाउँ छनोट गरी नमूनाको रुपमा कार्यक्रम सञ्चालन गरिने छ।
- **स्वच्छता अभियान :** यो कार्यक्रम अन्तरगत हात धुने, सामाजिक दुरी कायम, मास्कको प्रयोग र पूर्ण सरसफाई सम्बन्धी अभियान सञ्चालन गरिने छ।
- **विकासका लागि साझेदारी :** यस संस्थाले स्थानीय गाउँ तथा नगरपालिकाहरुसँग कृषि, पशु र सामुदायिक विकासका क्षेत्रहरुमा साझेदारी गरिने छ।

**१२. सुशासन सम्बन्धी योजना**

- **वार्षिक साधारणसभा :** संस्थाको वार्षिक साधारणसभा सहकारी विभागको निर्देशन र संस्थाको वार्षिक साधारणसभा सञ्चालन कार्यविधि बमोजिम गरिने छ।
- **संस्थाको अधिवेशन सम्पन्न गर्ने :** यस संस्थाको छैठौं अधिवेशनबाट सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति चयन गरिने छ। अहिलेको कोरोना महामारीको कारण निर्वाचन गराउन सम्भव नभएकाले सर्वसम्मत र सहमतिमा नेतृत्व चयन गरिने छ।
- **विस्तारित भेला :** यस संस्थाको समिति, विभाग, उप-समितिहरुको विस्तारित भेला ३ वटा सञ्चालन गरिने छ।
- **समीक्षा बैठक :** यस संस्थाको वार्षिक र अर्धवार्षिक गरी २ वटा समीक्षा बैठक सञ्चालन गरिने छ।
- **नीति र कार्यविधि :** यो संस्थालाई नीति, विधि र प्रविधिको माध्यमबाट अगाडि बढाउन आवश्यकता अनुसारका नीतिहरु बनाइने छ।
- Productive staffs Recognition Event : यस संस्थाको सम्पूर्ण कर्मचारीलाई वार्षिकरुपमा भेला गराई उत्पादकत्व दिने कर्मचारी तथा उत्कृष्ट सेवा प्रदान गर्ने सेवा केन्द्रलाई पुरस्कृत, सम्मान गर्ने कार्यक्रम गरिने छ।

**१३. सूचना तथा सञ्चार योजना**

- **क्यालेण्डर छपाई :** यस संस्थाले यस वर्ष १ लाख प्रति क्यालेण्डर छपाई गर्नेछ।
- **भिडियो डकुमेन्ट्री निर्माण :** त्यसैगरी संस्थाको गतिविधि समेटेर एक भिडियो डकुमेन्ट्री तयार गरिने छ।
- **पत्रिका प्रकाशन :** संस्थाको गतिविधिलाई नियमित जानकारी गराउने उद्देश्यले द्वैमासिक पत्रिका प्रकाशन गरिनेछ।
- **प्रवर्द्धनात्मक सामग्री निर्माण :** यसको साथै बचत तथा ऋण सेवाबारे जानकारी गराउने लिफलेट, परिचय पुस्तिकाहरु साथै संस्थाको आवश्यकता अनुसार अन्य नियमित सूचनामूलक र प्रवर्द्धनात्मक प्रकाशन सामग्रीहरु प्रकाशन र प्रशारण गरिनेछ।
- **कार्यक्रम प्रायोजन :** यस वर्ष स्थानीय टेलिभिजनबाट प्रशारण हुने १ वटा शैक्षिक कार्यक्रम (वक्तृत्व कला) साथै वित्तीय साक्षरता सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन गरिने छ।

**१४. सम्मान तथा पुरस्कार**

- **प्रो. मोहमद युनुस पुरस्कार :** सहाराको कारणबाट गरिबी मुक्त भई सफल भएका सदस्यहरू मध्ये एक महिला सदस्यलाई रु. ५१ हजार राशीको यो पुरस्कारबाट पुरस्कृत तथा सम्मानित गरिने छ।
- **संस्थापक सम्मान :** संस्थाको रजत महोत्सवको उपलक्ष्यमा संस्था स्थापना गर्ने संस्थापक तथा पूर्व समिति र उप-समितिमा रहेर कार्य गरेका सदस्यलाई सम्मान गरिने छ।
- **सहारा सहकारी पत्रकारिता पुरस्कार :** सहकारीहरुको विकास र प्रबर्द्धनको लागि लेख, रचना प्रकाशन गरी सहकारीको क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउने एकजना पत्रकारलाई पुरस्कृत गरिनेछ।
- **उत्कृष्ठ उद्यमी पुरस्कार :** यस संस्थाबाट ऋण लिई सफल व्यवसाय गरिरहेका २० उद्यमीहरुलाई पुरस्कृत गरिने छ।

**१५. सहारा भए अरु किन खोज्ने**

- सम्पूर्ण वित्तीय समस्याहरूको समाधान सहाराले नै पूरा गरेपछि अन्यमा किन आवद्ध हुनु पऱ्यो भन्ने प्रश्न राख्दै सहाराको मात्र सदस्य हुन अनुरोध गरिने छ।
- सहाराले प्रवर्द्धन गरेका सहकारीहरु बाहेक अन्य सहकारी संस्थाहरूमा बसेका सदस्यहरूसँग अन्तरक्रिया गरी सहारा साकोसमा मात्र आबद्ध हुन प्रेरित गरिने छ।
- दोहोरो सदस्यता लिएका सहकारीका सदस्यलाई कुनै पनि समिति, उपसमितिहरूमा राखिने छैन।

**१६. कार्यक्रमको निरन्तरता**

- यस संस्थाले क्रमागत कार्यक्रमकोरुपमा सहारा शिक्षा सदन, सेवा केन्द्र सञ्चालन गर्नको लागि जग्गा खरिद र सर्पदंश केन्द्र सञ्चालन सहयोगलाई निरन्तरता दिइनेछ।

(संस्थाका सचिव तथा कार्यकारी प्रमुख गिरीद्वारा २०७७ मंसीर २७ गते शनिबार संस्थाको वार्षिक साधारणसभामा प्रस्तुत गरिने वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।)

■■■

